# चम्पादेवी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

कालिका, ओखलढुंगा

स्था : २०७३

सूचना नं. २३ २०८२/०८३

कोशी प्रदेश, नेपाल

ने.सं ११४५

**आ.व. २०८२/०८३ मा विज्ञापन एजेन्सी फर्म/कम्पनीहरुबाट पत्रपत्रिकामा सूचना प्रकाशन गर्ने प्रयोजनार्थ दररेट सम्बन्धी प्रस्ताव पेश गर्ने बारे सूचना।**

(प्रथम पटक प्रकाशित मिति: २०८२/०४/१४/ ने.सं. ११४५, गुंलाध्व षष्ठी बुधबार)

यस गाउँपालिकालाई आ.ब. २०८२/०८३ को लागि आवश्यक पर्ने राष्ट्रिय स्तरका पत्रपत्रिकामा विज्ञापन एवं सूचना प्रकाशन गर्नका लागि इच्छुक इजाजत प्राप्त विज्ञापन एजेन्सी/फर्म/कम्पनी / संस्थाहरुले रितपूर्वकको दिन सक्ने छुट सहितको दररेट यसै सूचना साथ संलग्न विवरणहरु यस कार्यालयको वेवसाइट **www.champadevimun.gov.np** बाट डाउनलोड गरी यस सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस कार्यालयमा तपशिलका कागजातहरु सहित पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

**तपशिल**

१. संस्था/एजेन्सीको अद्यावधिक नविरकण गरेको व्यवसाय दर्ता/इजाजत पत्रको प्रतिलिपि,

२. अद्यावधिक नविकरण फर्म, कम्पनी वा संस्थाको प्रमाण पत्रको प्रतिलिपि,

३. मूल्य अभिवृद्धि करमा दर्ता प्रमाण पत्रको प्रतिलिपि,

४. स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाण पत्रको प्रतिलिपि,

५. आ.ब. २०८०/०८१ (सम्भव भए २०८१/०८२) को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि,

६. विज्ञापन बोर्डमा दर्ता तथा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि,

७. निवेदन।

(नोटः सबैभन्दा बढी छुट दिने फर्म/कम्पनी/संस्थालाई छनौट गरिने छ।)

२०८२/०४/१३

धनराज श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

Email :- champadevirm@gmail.com website :- www.champadevimun.gov.np

चम्पादेवी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

कालिका, ओखलढुंगा

कोशी प्रदेश,नेपाल

पत्रपत्रिकामा सूचना प्रकाशन गर्ने प्रयोजनार्थ छुट तथा दररेट

सम्बन्धी प्रस्ताव फाराम

धनराज

प्रमुख प्रशासकीय अधिकृत

चम्पादेवी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय कालिका ओखलढुंगाबाट पत्रपत्रिकामा विभिन्न सूचना प्रकाशन गर्ने प्रयोजनार्थ छुट तथा दररेट सम्बन्धी प्रस्ताव माग भए बमोजिम संलग्न फारममा उल्लेखित कार्यक्षेत्र लगायतका शर्तहरुको अधिनमा रही पत्रपत्रिकाहरुमा सूचना प्रकाशन गर्ने कार्य गर्न सहमत भई यो प्रस्ताव पेश गरेको छु/छौं।

फर्मको नाम :

ठेगाना :

<u>संचालक/प्रोपाइटर/संस्थाले अख्तियारी दिएको व्यक्तिको</u>

पुरा नाम :

हस्ताक्षर :

फोन नं. :

मोवाइल नं. :

इमेल :

फर्मको छाप

२०८२।०४।१२

धनराज श्रेष्ठ

प्रमुख प्रशासकीय अधिकृत

## खण्ड (क)

## सामान्य जानकारी तथा शर्तहरु

### १) प्रस्तावदाताहरुलाई निर्देशन तथा शर्तहरु

१.१ यो प्रस्ताव फारम यस कार्यालयको प्रशासन शाखाबाट प्राप्त गर्न वा कार्यालयको वेवसाइट www.champadevimun.gov.np बाट डाउन लोड गर्न सकिने छ ।

१.२ प्रस्तावदाताहरुले सिलबन्दी प्रस्तावको बाहिर चम्पादेवी गाउँपालिकाको लागि पत्रपत्रिकामा सूचना प्रकाशन गर्ने प्रयोजनार्थ छुट तथा दररेट सम्बन्धी प्रस्ताव उल्लेख गर्नुपर्ने छ ।

१.३ प्रस्तावदाताहरुले फर्म दर्ता तथा नविकरण भएको इजजात पत्र तथा मूल्य अभिवृद्धि कर दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि, सम्बन्धित पत्रपत्रिकाको लागि विज्ञापन एजेन्सीको रुपमा कार्य गर्न प्राप्त गरेको नविकरण भएको प्रमाणपत्र (स्थानीय पत्रपत्रिकाको हकमा प्रकाशन गर्ने अधिकारपत्र/अनुमतिपत्र) को प्रतिलिपि, आ.ब. २०८०/०८१ (सम्भव भए आ.ब. २०८१/०८२) सम्मको कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि संलग्न राखी प्रथम पटक सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र यस कार्यालयमा आफै आई वा आफ्नो आधिकारिक प्रतिनिधि पठाई सिलबन्दी प्रस्ताव दर्ता गर्न सकिने छ ।

१.४ प्रस्तावदाताले छुट दिन प्रस्ताव गरेको प्रतिशत तथा प्रकाशन गर्न प्रस्ताव गरेको दररेट अंक र अक्षरमा स्पष्ट रुपमा उल्लेख गर्नुपर्ने छ। सो स्पष्ट उल्लेख नभएका प्रस्तावलाई मान्यता दिइने छैन ।

१.५ प्रस्ताव पेश गर्दा प्रस्तावको साथ तोकिएको पत्रपत्रिकाले आधिकारिक रुपमा प्रकाशन गरेको दररेट समेत संलग्न राख्नुपर्ने छ ।

१.६ पेश भएका सम्पूर्ण कागजातहरुमा प्रस्तावदाताले रीतपूर्वक दस्तखत गरी आफ्नो फर्म/कम्पनीको छाप लगाउनुपर्ने छ ।

१.७ प्रस्ताव सम्बन्धी फारममा उल्लेल भएका शर्तहरु बाहेक प्रस्तावदाताले आफ्नै तर्फबाट कुनै शर्त राखी प्रस्ताव पेश गरेमा सो शर्त स्वीकार गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ ।

१.८ प्रस्तावदाताले पेश गरेको प्रस्ताव स्वीकर गर्ने/नगर्ने वा आंशिक रुपमा स्वीकार गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

१.९ रित नपुगेका, तोकिएका कागजातहरु संलग्न भई नआएका र तोकिएको मिति भन्दा पछि आएका प्रस्तावहरु मूल्यांकनमा समावेश गरिनेछैन ।

१.१० प्रस्ताव बुझाउने अन्तिम मिति २०८२/०४/२९ को १२:०० बजे, प्रस्ताव खोल्ने मिति २०८२/०४/२९ को १४:०० बजे र स्थान गाउँ कार्यपालिकाको कायर्यालय ।

**२) प्रस्तावदाताहरुले कार्य सम्पादनको सिलसिलामा पालना गर्नुपर्ने कार्यक्षेत्रगत शर्तहरुः**

२.१ राष्ट्रिय स्तरका पत्रपत्रिकाहरुमा सूचना प्रकाशन गर्दा दिइने छुट प्रतिशत सम्बन्धित पत्रपत्रिकाले आधिकारिक रुपमा प्रकाशित गरको दररेटमा लागु हुनेछ । सम्बन्धित पत्रपत्रिकाले प्रकाशित गरेको दररेटमा कुनै परिवर्तन भएमा सोको जानकारी प्रस्तावदाताले यथासंभव छिटो यस कार्यालयलाई जानकारी गराउनु पर्ने छ ।

२.२ स्थानीय स्तरका पत्रपित्रकाको हकमा यस प्रस्तावमा पेश गरेको दररेट चालु आर्थिक बर्षभर विशेष कारण विना परिवर्तन गर्न पाइने छैन यदि परिवर्तन भएमा सो पश्चात उक्त प्रस्ताव रद्द गरि न्यूनतम दररेट पेश गर्ने दोस्रो प्रस्तावदाताको प्रस्ताव स्वीकृत गरिनेछ ।

२.३ सम्बन्धित पत्रपत्रिकाले सूचना प्रकाशित गर्ने सम्बन्धमानको विशेष योजना (छूट) ल्याएमा सो बमोजिमको थप छुट यस कार्यालयलाई समेत उपलब्ध गराउनुपर्ने छ ।

२.४ प्रकाशन गर्नुपर्ने सूचना यस कार्यालयले दिईएको लिखित आदेश बमोजिमको मिति, समय र पृष्ठमा मात्र प्रकाशन गर्नुपर्नेछ ।

२.५ यस कार्यालयले दिएको आदेश विपरित प्रकाशित सामाग्रीको भुक्तानी यस कार्यालयले गर्ने छैन ।

२.६ सामान्यतया सूचना प्रकाशनको लागि प्रकाशन हुने दिनको १ दिने वा सो अगावै यथासमयमै लिखित आदेश र सूचना उपलब्ध गराईनेछ तर आकस्मिक रुपमा सूचना प्रकाशन गर्नुपर्ने भएमा उपलब्ध समयलाई ध्यान दिई आपसी समन्वयमा तत्काल सो दिनको भोलिपल्ट प्रकाशन गर्न व्यवस्था मिलाउनुपर्ने छ।

२.७ सूचना प्रकाशन भए पश्चात तत्कालै सूचना सहित देखिने गरी पत्रिकाको स्क्यान कपि यस कार्यालयको इमेल ठेगाना champadevirm@gmail.com मा पठाउनु पर्नेछ, र यथासंभव छिटो माध्यमबाट पत्रिका समेत उपलब्ध गराउनुपर्ने छ ।

२.८ स्वीकृत प्रस्तावदाताहरुको सेवा सन्तोषजनक नलागेको अवस्थामा कुनैपनि बखत १५ दिनको लिखित जानकारी दिई सम्झौता भंग गर्न सकिनेछ ।

२०८२/०४/१३
धनराज श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

**३) प्रस्तावदाताहरुले प्रस्ताव पेश गर्दा संलग्न गर्नुपर्ने कागजातहरु**

३.१ फर्म दर्ता तथा नविकरण भएको इजाजत पत्र, मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि, सम्बन्धित पत्रपत्रिकाको लागि विज्ञापन एजेन्सीको रुपमा कार्य गर्न प्राप्त गरेको नविकरण भएको प्रमाणपत्र (स्थानीय पत्रपत्रिकाको हकमा प्रकाशन गर्ने अधिकारपत्र) को प्रतिलिपि, आ.व. २०८०/०८१ (सम्भव भए आ.व. २०८१/०८२) सम्मको कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि

३.२ प्रस्तावदाताहरुले यस कार्यालयको सूचना प्रकाशन कार्य गर्न राष्ट्रिय स्तरका पत्रपित्रकाहरुको लागि आधिकारिक रुपमा एजेन्सीको काम गर्न प्राप्त गरेको नविरकण भएको प्रमाणपत्र । स्थानीय पत्रपत्रिकाको हकमा प्रकाशन गर्ने अधिकारपत्र/अनुमतिपत्रको प्रतिलिपि।

३.३ उपरोक्तानुसारको पत्रपत्रिकाको विज्ञापनको साईज सहितको आधिकारिक दररेटको प्रमाणित प्रतिलिपि ।

३.४ विज्ञापन बोर्डमा सूचिकृत भई आ.ब. २०८०/०८१ (सम्भव भएसम्म आ.व. २०८१/०८२) सम्म नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि ।

**४) मूल्यांकन प्रक्रिया**

४.१ प्रस्तावदाताले पेश गरेको छुट प्रतिशत अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।

४.२ प्रत्येक पत्रपत्रिकाको लागि छुट्टाछुटै मूल्यांकन गरिनेछ ।

४.३ तोकिए बमोजिमका कागजातहरु समावेश गरी कार्यक्षेत्रगत शर्तहरु अनुरुप कार्य गर्न इच्छुक प्रस्तावदाताहरु मध्ये सबैभन्दा बढि छुटको प्रस्ताव गर्ने तथा सबैभन्दा कम दररेटमा सूचना प्रकाशन गर्न मञ्जुर हुने प्रस्तावदाताको प्रस्ताव स्वीकृत गरिनेछ ।

**५) भुक्तानी प्रक्रिया**

५.१ स्वीकृत प्रस्तावदाताबाट तोकिएको कार्य सम्पन्न भए पश्चात पेश हुन आएको विलको नियमानुसार भुक्तानी गरिनेछ । पेश्की तथा आंशिकरुपमा रकम उपलब्ध गराईने छैन ।

५.२ प्रस्ताव सम्बन्धी फारममा उल्लेखित कबोली छूट प्रतिशत तथा दररेट चालु आर्थिक बर्ष भरीको लागि कायम रहेको मानिनेछ ।

**६) विविध**

२०८१/०८/१२

धनराज श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

६.१ प्रचलित कानून बमोजिम बुझाउनुपर्ने कर तथा दस्तुर प्रस्तावदाता स्वयमले व्यहोर्नु पर्नेछ ।

६.२ प्रस्ताव सम्बन्धी थप व्यवस्था सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ तथा प्रचलित कानून बमोजिम हुनेछन ।

२०८२।०४।१३

धनराज श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

## खण्ड ख

### आर्थिक प्रस्ताव

| क्र. सं. | पत्रपत्रिकाको नाम (राष्ट्रिय स्तरका "क" बर्गका दैनिक पत्रपत्रिका) | एकमुष्ट छुट प्रतिशत | |
|---|---|---|---|
| | | अंकमा | अक्षरमा |
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |
| ६ | | | |
| ७ | | | |
| ८ | | | |
| ९ | | | |

| क्र. सं. | पत्रपत्रिकाको नाम (राष्ट्रिय स्तरका "क" बर्गका दैनिक पत्रपत्रिका) | पत्रिकाको बर्ग | सूचना प्रकाशन हुने स्थान | दररेट (VAT) सहित) | |
|---|---|---|---|---|---|
| | | | | अंकमा | अक्षरमा |
| १ | | | बाहिर पृष्ठ | | |
| | | | भित्री पृष्ठ | | |
| | | | अन्तिम पृष्ठ | | |
| २ | | | बाहिर पृष्ठ | | |
| | | | भित्री पृष्ठ | | |
| | | | अन्तिम पृष्ठ | | |
| ३ | | | बाहिर पृष्ठ | | |
| | | | भित्री पृष्ठ | | |
| | | | अन्तिम पृष्ठ | | |
| ४ | | | बाहिर पृष्ठ | | |
| | | | भित्री पृष्ठ | | |
| | | | अन्तिम पृष्ठ | | |

धनराज श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत